मिति २०७७/६/२२ मा बसेको मन्त्रिपरिषद् बैठक संख्या ९१/२०७७ का निर्णयहरूः-

१. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्ताव नं. ५/४६/३१६-२०७७/६/२१ को "करार सेवामा कृषि प्राविधिक कर्मचारी छनौट सम्बन्धी कार्यविधि, २०७७ स्वीकृत सहित कर्मचारी भर्नाका लागि निर्णय हुन" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-
"प्रस्तावसाथ संलग्न **करार सेवामा भर्ना गर्ने आवश्यक पद संख्या र नाम** सम्बन्धी विवरणमा उल्लेखित चौथौं/पाँचौं तह देखि सातौं/आठौं तहसम्मका स्वीकृत दरवन्दीको कुल रिक्त पद ६३ मध्ये ४४ वटा रिक्त दरवन्दीमा मात्र करार सेवामा कर्मचारी भर्ना गर्ने गरी प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

२. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्ताव नं. ५/४७/३१७-२०७७/६/२१ को "सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा स्वीकृत गर्ने र सो विधेयकलाई प्रदेश सभामा पेश गर्न स्वीकृती प्रदान गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-
"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

३. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्ताव नं. ५/४८/३१८-२०७७/६/२१ को "कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि, २०७६ को प्रथम संसोधन स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-
"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

४. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्ताव नं. ५/४९/३१९-२०७७/६/२१ को "पशुपन्छी मोडेल फार्म स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को प्रथम संसोधन स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-
"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

५. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्ताव नं. ५/५०/३२०-२०७७/६/२१ को "चक्लाबन्दीमा कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ लाई स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-
"सुदूरपश्चिम प्रदेशको आर्थिक वर्ष २०७७/०७८ को बजेट वक्तव्यको बुँदा नं. १९३ को व्यवस्था बमोजिम प्रस्ताव सम्बन्धित मन्त्रालयमा फिर्ता पठाउने ।"

६. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्ताव नं. ५/५१/३२१-२०७७/६/२१ को "कृषि तथा पशुपन्छी व्यवसायमा अनुदान परिचालन कार्यविधि,२०७७ लाई स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-
"सुदूरपश्चिम प्रदेशको आर्थिक वर्ष २०७७/०७८ को बजेट वक्तव्यको बुँदा नं. १९३ को व्यवस्था बमोजिम प्रस्ताव सम्बन्धित मन्त्रालयमा फिर्ता पठाउने ।"

७. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्ताव नं. ५/५२/३२२-२०७७/६/२१ को "प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि,२०७७ लाई स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-
"सुदूरपश्चिम प्रदेशको आर्थिक वर्ष २०७७/०७८ को बजेट वक्तव्यको बुँदा नं. १९३ को व्यवस्था बमोजिम प्रस्ताव सम्बन्धित मन्त्रालयमा फिर्ता पठाउने ।"

८. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्ताव नं. १/६२/३२३-२०७७/६/२१ को "प्रदेश अनुगमन इकाई गठन गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-
"सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६ को दफा ५ को प्रावधान अनुसार तपसिल बमोजिमको प्रदेश अनुगमन इकाई गठन गर्नेः-

**तपसिल**

१.सचिव (शासकीय सुधार तथा समन्वय महाशाखा हेर्ने), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली -संयोजक
२. सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली - सदस्य
३. सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली - सदस्य
४. सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली - सदस्य
५. सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली - सदस्य
६. सचिव, सामाजिक विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली - सदस्य
७. सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली - सदस्य ।"

९. माननीय मुख्यमन्त्रीज्यूबाट बैठकमा प्रस्तुत "**कोरोना भाइरस (COVID-19) रोग नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी कार्ययोजना,२०७७**" स्वीकृत गर्ने विषयसँग सम्बन्धित मौखिक प्रस्तावका सन्दर्भमा देहाय बमोजिम गर्नेः-

"मिति २०७७/५/१६ को प्रदेश संकट व्यवस्थापन केन्द्र (PCMC) बैठकको निर्णयानुसार **कोरोना भाइरस (COVID-19) रोग नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी कार्ययोजना,२०७७** उपर समसामयिक परिमार्जन गरी मन्त्रिपरिषद्मा पेश गर्ने प्रयोजनार्थ उक्त कार्यको जिम्मेवारी प्रदेश संकट व्यवस्थापन केन्द्र (PCMC) को मिति २०७७/२/२० गतेको बैठकबाट गठित समिति (आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिवको संयोजकत्वमा) लाई प्रदान गरिएकोमा उक्त समितिबाट परिमार्जन सहित पेश भएको "**कोरोना भाइरस (COVID-19) रोग नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी कार्ययोजना,२०७७**" स्वीकृत गरी कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालय/निकाय र स्थानीय तहमा पठाउने ।"